# लुम्बिनी प्राविधिक विश्वविद्यालय

## LUMBINI TECHNOLOGICAL UNIVERSITY

## शोक तथा समवेदना

(प्रकाशित मितिः २०८३/०५/२२)

मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको अकल्पनीय र विनाशकारी बाढीका कारण भएको ठूलो मानवीय तथा भौतिक क्षतिप्रति लुम्बिनी प्राविधिक विश्वविद्यालय परिवार स्तब्ध र मर्माहत भएको छ। यस त्रासदीपूर्ण प्राकृतिक विपत्तिमा परी आफ्नो अमूल्य जीवन गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति हामी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

नेपाल सरकारले मृतकहरूको सम्मानस्वरूप आज भदौ २२ गते घोषणा गरेको राष्ट्रिय शोकको यस घडीमा, आफ्ना प्रियजन गुमाउनुहुने शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

यस विपत्तिमा परी घाइते भएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै, बाढीबाट घरबारविहीन तथा प्रभावित बन्नुपरेका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूको उचित राहत र दिगो पुनर्स्थापनाको कार्य सम्बन्धित निकायबाट प्रभावकारी रूपमा अगाडि बढ्नेछ भन्ने हामीले विश्वास लिएका छौं।

यस राष्ट्रिय विपत्तिको कठिन र चुनौतीपूर्ण समयमा लुम्बिनी प्राविधिक विश्वविद्यालय प्रभावित सम्पूर्ण समुदायसँग गहिरो ऐक्यबद्धता प्रकट गर्दछ।

शोकाकुल परिवारजनमा हार्दिक समवेदना ।
मृत आत्माहरूप्रति भावपूर्ण श्रद्धाञ्जली ।।

.................
डा. निरज के.सी.
नि. प्रमुख/डिन
एवम् समस्त लुम्बिनी प्राविधिक विश्वविद्यालय परिवार